# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड:९ | संख्या: २ | ३० बैशाख, २०८३ |
|---|---|---|


## भाग २

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या २

## " सहकारी संस्था मार्फत किसानलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्यविधि, २०८३"

प्रस्तावना: कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित कार्यक्रम मार्फत उत्पादनमा वृद्धि तथा रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउने उद्देश्यका लागि कर्जा प्रवाह कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले, कालिन्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम " सहकारी संस्था मार्फत किसानलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई बुझाउँछ।

(ख) "गाउँपालिका" भन्नाले कालिन्चोक गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले कालिन्चोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले कालिन्चोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिन्चोक गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "वडा" भन्नाले कालिन्चोक गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्दछ।

(छ) "व्यवसायी" भन्नाले कालिन्चोक गाउँपालिकामा दर्ता भएका कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्ने व्यवसायी, उद्यमी वा फर्मलाई सम्झनु पर्दछ।

(ज) "व्यवसायी सहकारी फर्म" भन्नाले व्यवसाय सञ्चालन गर्ने सहकारी ऐन, २०७४ वा कालिन्चोक गाउँपालिकाको

सहकारी ऐन, २०७५ को पहिलो संसोधन, २०८२ बमोजिम दर्ता भएको फर्मलाई सम्झनु पर्दछ।

(झ) "कृषि व्यवसाय" भन्नाले रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्न सहयोग पुऱ्याउने व्यवसायिक कृषि उत्पादन जस्तै मौसमी तथा बेमौसमी तरकारी खेती, मसला उत्पादन तथा प्रशोधन, फलफूल उत्पादन तथा प्रशोधन, विरुवा उत्पादन, बीउ उत्पादन, प्रशोधन तथा बजारीकरण, कुखुरा पालन, बाख्रा पालन, मासु उत्पादन, दुध उत्पादन, मह उत्पादन तथा प्रशोधन आदिलाई बुझ्नु पर्दछ।

(ञ) "कृषि विकास समिति" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको समग्र कृषि नीति, रणनीति तथा योजना तयार गर्न र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि मार्ग प्रशस्त गर्न गठन भएको कृषि विकास समितिलाई सम्झनु पर्दछ।

(ट) "ब्याजदर" भन्नाले सहकारी संस्थाले लगानी गरेको सहुलियत दरको ऋणबाट लिने ब्याजदर सम्झनु पर्दछ।

(ठ) "व्याज अनुदान" भन्नाले यस कार्यक्रम मार्फत कृषि उद्यमी तथा कर्जा प्रवह गर्ने सहकारी संस्थालाई प्रदान गर्ने व्याव अनुदान सम्झनुपर्दछ।

(ड) "अनुगमन समिति" भन्नाले गाउँपालिकामा सञ्चालन भएको निजी व्यवसायी र सहकारी मार्फत व्यवसायी फर्मले सञ्चालन गरेका व्यवसाय तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न गाउँपालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा गठन भएको सुपरीवेक्षण समिति वा सुपरीवेक्षण समितिसँगको समन्वयमा कृषि विकास समितिद्वारा गठित अनुगमन उपसमितिलाई सम्झनु पर्दछ।

(९) "कार्यालय" भन्नाले कालिन्चोक गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

३. **यस कार्यविधिका उद्देश्यहरुः** यस कार्यविधिका निम्न लिखित उद्देश्यहरु रहेका छनः

क) यस गाउँपालिकामा दीर्घकालीन रुपमा कृषकहरुलाई कृषि व्यवसायमा संलग्न गराई कृषि व्यवसायबाट कृषकको आर्थिक उन्नति गर्ने।

ख) गाउँपालिकाका युवालाई कृषि व्यवसायमा आकर्षित गर्दै कृषकको क्षमता विकास गरी कृषिजन्य कच्चा पदार्थको उत्पादन गरी कृषकद्वारा उत्पादित वस्तुबाट बन्ने विभिन्न परिकारको ब्रान्डिङ गर्न कृषि उद्योग स्थापना गर्न सहयोग गर्ने।

ग) गाउँपालिकाका कृषकहरुलाई कृषि पेशाबाटै आर्थिक उन्नति गर्न कृषि फर्म, कृषक समूह तथा सामुदायिक फर्महरुमा संलग्न गराई कृषि तथा पशुजन्य वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिने।

घ. किसानलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने।

ङ. लगानीको अभावले कृषि तथा पशुपालन गर्न नसकेका कृषक वा समूहहरुलाई आर्थिक टेवा पुऱ्याउने र उनीहरुको पेशा प्रतिको भरोसा उजागर गर्ने।

च. ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने।

## परिच्छेद २

## कृषकहरूको लगत सङ्कलन र वर्गीकरण

**४. सहुलियत दरको ऋण अनुदान उपलब्ध गर्न इच्छुक कृषकको लगत सङ्कलन**

(१) गाउँपालिका भित्र रहेका कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रममा सहभागी भई कृषि उद्यम गर्न इच्छुक कृषकहरुलाई सात देखी पन्ध्र दिनको अवधि तोकी सूचना प्रकाशन गरिने छ।

(२) तोकिएको म्यादभित्र ईच्छुक कृषकले सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलन भएको निवदेन कृषि विकास शाखाले सात दिनभित्र वर्गीकरण गरी कृषि विकास समितिमा पेस गरी सबैको जानकारीको लागि सो को सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) कृषि विकास शाखाले वर्गीकृत कृषकहरुलाई वडागत रुपमा भेला गरी यस कार्यक्रमको बारेमा जानकारी दिन सक्नेछ।

**५. कृषकको वर्गीकरण तथा छनौट**

(१) एक भन्दा बढी विषयमा अनुभव, ज्ञान तथा सीप भएकाः आधारभूतरुपमा एकभन्दा बढी विषय वा क्षेत्रमा काम गरी अनुभव हासिल गरेका युवाहरुलाई बजारमुखी, मौसमी तथा बेमौसमी तरकारी उत्पादन, च्याउ खेती, रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण, मसला बाली तथा प्रशोधन, फलफूल उत्पादन, सङ्कलन, प्रशोधन तथा बजारीकरण, बीउ उत्पादन तथा प्रशोधन, प्राङ्गारिक कृषि उपज सङ्कलन तथा बजारीकरण, बाख्रापालन, कुखुरा पालन, माछापालन, मह उत्पादन तथा प्रशोधन, एग्रोभेट सञ्चालन, मासु पसल सञ्चा न, दुध सङ्कलन तथा दुग्ध व्यवसाय सञ्चालन आदि क्षेत्र मध्ये मिल्दोजुल्दो एकदेखि तीनवटा व्यवसाय/उद्यमका क्षेत्र छनौट गर्न दिइनेछ।

(२) कृषि क्षेत्रमा कम अनुभव भएका वा ठोस ज्ञान तथा सीप नभएकाः बेरोजगार कृषकको चाहना र व्यवसायीक योजनाको आधारमा कुनै एक क्षेत्रमा व्यवसाय सञ्चालनको लागि छनौट गरिनेछ।

(३) कृषक छनौट मापदण्ड देहाय बमोजिम गरिनेछ

१. स्थानीय स्थायी वा अस्थायी किसान,

२. कृषि वा पशुपालनमा संलग्न र यस भन्दा अगाडि गाउँपालिकाबाट अनुदान लिएको/नलिएको विवरण,

३. सहकारीको सदस्य भए/नभएको

४. वास्तविक कृषि परियोजना भए/नभएको

५. कृषि विकास समिति वा मूल्याङ्कन समितिले तोके बमोजिम

## परिच्छेद ३

## व्यवसायिक योजना माग र स्वीकृति

### ६. कार्यक्रम कार्यान्वयनको लागि व्यवसायिक योजना माग गर्ने

१) कृषि विकास शाखाले विधिवत रुपमा नियम पूरा गरी दर्ता भएका कृषि फर्म, समूह तथा व्यवसाय मार्फत सहुलियत दरको ऋण अनुदान प्राप्त गरी कृषि उद्यम गर्न इच्छुक कृषकलाई कार्यक्रम कार्यान्वयनको लागि सात देखी पन्ध्र दिनको म्याद दिइ व्यवसायिक योजना माग गर्नेछ।

२) कार्यक्रम कार्यान्वयनको लागि मुख्यतया मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल तथा डालेघाँस विरुवा उत्पादन (नर्सरी स्थापना), पशु पालन (गाई, भैसी, बाख्रा पालन, कुखुरा पालन), मासु व्यवसाय सञ्चालन, च्याउ खेती, मह सङ्कलन तथा प्रशोधन, एग्रोभेट स्थापना, कृषि सँग सम्बन्धित कृषि यान्त्रिकरण (मेसिन,औजार) खरिद जस्ता कार्यको लागि निजी व्यवसायी फर्म सञ्चालनको लागि व्यवसायिक योजना माग गरिनेछ।

३) फर्म वा समूहले व्यवसाय सञ्चालनको लागि गाउँपालिकाबाट सहकारी संस्था मार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान

प्राप्त गर्न कम्तिमा १० देखी २५ प्रतिशत स्व- लगानी गर्ने प्रतित्बद्धता सहित अनुसूची - २ को ढाँचामा व्यवसायीक योजना पेस गर्नु पर्नेछ।

४) गाउँपालिकामा सञ्चालन हुने अन्य गैरसरकारी संस्थाहरुसँग पनि साझेदारी गरी कार्यक्रमलाई प्रभावकारी बनाउन सकिनेछ।

## ७. प्रस्ताव मूल्याङ्कन र स्वीकृति

(१) व्यवसायीक योजना पेस गरेका फर्म तथा समूहहरुको स्थलगत निरीक्षण गरी योजनामा उल्लेख गरिएका विषयवस्तुहरुमा कृषि विकास शाखाले थप अध्ययन गर्न सक्नेछ।

(२) फिल्ड प्रमाणीकरण र योजनामा उल्लेख भएका विषयवस्तुहरुमा मेल नखाएका व्यवसायीक योजना स्वतः खारेज हुनेछ।

(३) उपदफा (२) खारेज भएका व्यवसायीक योजना प्रस्तावकहरुलाई अर्को वर्ष सुधार गरी व्यवसायिक योजना पेस गर्नको लागि मौका दिईनेछ।

(४) निर्देशक समितिले प्रस्तावित व्यवसायिक योजनाहरुको मूल्याङ्कन गरी उपयुक्त ठहऱ्याएमा योजना स्वीकृत गर्नेछ।

## ८. प्रस्ताव कार्यान्वयनको लागि समझदारी गर्ने

(१) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय र प्रस्तावक बीच अनुसूची - ३ को ढाँचामा समझदारी गर्नु पर्नेछ।

(२) समझदारी पत्रको साथमा बिस्तृत रुपमा प्रस्तावित कार्यक्रम, लक्षित वर्ग र घरधुरी आदि खुल्ने गरी नतिजा हासिल गर्न सकिने सूचकहरु समावेश गरिनेछ। उक्त प्रस्तावित कार्यक्रममा त्रैमासिक रुपमा कुन-कुन क्रियाकलापहरु सञ्चालन गर्ने हो प्रष्ट खुलेको हुनु पर्नेछ।

३) समझदारी पत्रमा उल्लेख गरिए बमोजिमको ढाँचामा प्रस्तावकले प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्नेछ।

## परिच्छेद ४
## कर्जा प्रवाह सम्बन्धी व्यवस्था

### ९. कर्जा प्रवाह सम्बन्धी व्यवस्था

(१) यस कार्यक्रममा सहभागी हुन चाहने सहकारी संस्थाहरुलाई गाउँपालिकाले सात देखी पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गर्नेछ। सहकारी संस्थाको निवेदन बमोजिम निर्देशक समितिले सहकारी संस्थालाई छनौट गरी ऋण अनुदानको सीमा तोक्नेछ।

(२) सहकारी संस्थालाई गाउँपालिकाले बढीमा २ प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउनेछ। यसरी प्राप्त ऋण सहकारी संस्थाले आफ्नो नियमानुसार कृषकहरुलाई बढीमा ५ प्रतिशत व्याजदरमा १ महिनाभित्र कर्जा प्रबाह गरिसक्नु पर्नेछ।१ महिना भित्र कर्जा प्रवाह नगरेमा वार्षिक २ प्रतिशतका दरले जरिवाना तिर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कर्जा प्रबाह गर्दा सहकारी संस्थाले संस्थाको नियमानुसार व्यवसायिक योजना माग गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रबाह गरेको कर्जामा कृषकबाट सावँ तथा व्याज समेतको किस्ता तिर्न शुरु भएपछी सहकारी संस्थाले गाउँपालिकामा कर्जा बापतको अनुदान रकमको सावाँ तथा व्याज सात दिनभित्रमा तोकिएको बैङ्क खातामा फिर्ता गर्नु पर्नेछ। सात दिनभित्र फिर्ता गरेमा सहकारी संस्थालाई कुनै प्रकारको व्याज लाग्ने छैन। यसरी सात दिनभित्र सावाँ तथा व्याज बुझाउन नसकेमा उपयुक्त कारण खुलाई १५ दिनभित्र सावाँ तथा व्याज रकम तिर्नुपर्नेछ। तर १५ दिनभन्दा बढी अवधि नाघी फिर्ता गरेमा बार्षिक दुई प्रतिशतका दरले व्याज लाग्नेछ।

(५) उपदफा (४) बमोजिम कृषकबाट सहकारी संस्थाले तोकेको अवधिभित्र सावाँ र व्याज  असुली भएमा सम्बन्धित ऋणीलाई १ प्रतिशत व्याज अनुदान छुट दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम सहकारी संस्थाले तोकिएको समयमा सावाँ र व्याज असुली गरेमा सम्बन्धित सहकारी संस्थालाई ०.५ प्रतिशत व्याज अनुदान छुट गरिनेछ।

(७) उपदफा (५) र (६) बमोजिम व्याज अनुदान छुट गरेपश्चात सहकारी संस्थाले गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने सावाँ तथा ०.५ प्रतिशत व्याज रकम उपदफा (४) मा तोकेको अवधिभित्र फिर्ता गरिसक्नु पर्नेछ।

(८) कृषि कर्जा प्रबाह सम्बन्धी अन्य व्यवस्था सम्बन्धित सहकारीको नियमानुसार हुनेछ।

## १०. सहकारी छनौट

(१) निर्देशक समितिले कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) प्रवाह गर्ने सहकारी संस्था छनौट गर्नेछ।

(२) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारीले वित्तीय कारोबार गर्ने अनुमति प्राप्त गरेको हुनु पर्दछ। साथै त्यस्तो सहकारीको अवस्थिति, प्रशासनिक तथा आर्थिक क्षमता र कारोबारको अवस्था समेतको आधारमा कर्जा प्रवाह गर्ने सहकारी छनौट गर्नु पर्नेछ।

(३) कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) प्रवाह गर्ने सहकारी छनौट सम्बन्धी मापदण्ड निर्देशक समिति आफैले तय गर्नेछ।

(४) निर्देशक समितिले सहुलियतपूर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट गरेपछि त्यस्तो सहकारी र गाउँपालिकाबिच कर्जा प्रवाहका सम्बन्धमा अनुसूची-४ बमोजिम सम्झौता गरिनेछ। सम्झौता पश्चात गाउँपालिकाले त्यस्तो सहकारीको खातामा रकम जम्मा गर्नेछ।

(५) सहकारीमा रकम जम्मा गर्नुपूर्व सहकारीको सम्पति मूल्याङ्कन गरी त्यसको आधारमा कर्जा प्रवाह गर्ने कामलाई अगाडि बढाइनेछ।

(६) गाउँपालिकाले कर्जा लगानीको लागि सहकारीलाई दिएको रकमबाट त्यस्तो निकायले कर्जा प्रवाह गर्न अटेर गरेमा वा कर्जा

प्रवाह नगरी रकम हिनामिना गरेमा वा गाउँपालिकाको सिफारिस बेगर कर्जा प्रवाह गरेमा त्यस्तो सहकारीको सम्पुर्ण चल अचल सम्पत्ति रोक्का राखी सम्बन्धित निकायलाई सिफारिस गरी सहकारी सञ्चालक समितिका सबै सदस्यबाट गाउँपालिकाबाट प्रदान गरिएको रकममा १० प्रतिशत जरिवाना सहित असुली गरिनेछ।

## परिच्छेद ५

## कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ११. प्रस्तावित कार्यक्रमको कार्यान्वयन

१) प्रस्तावित कार्यक्रम स्वीकृत भई सकेपछि, कृषि फर्म सञ्चालन गर्ने कृषकले आफुले बनाएको कार्यक्रमलाई राम्रोसँग अध्ययन गर्नु पर्दछ। कुन क्रियाकलाप कुन महिनामा सञ्चालन गर्ने हो कार्यतालिका बनाई कार्यक्रमको शुरुवात गर्नु पर्दछ। सोही अनुसार चाहिने आवश्यक कच्चा पदार्थ, सामाग्री, भौतिक पूर्वाधारहरुको संरचना निर्माण गर्नु पर्दछ।

(२) लाभग्राही कृषकलाई आवश्यक प्राविधिक सहयोग कृषि तथा पशुपन्छी विकास शाखाको प्राविधिक कर्मचारीले उपलब्ध गराउनेछन।

(३) समय समयमा कृषि तथा पशुपन्छी विकास शाखा, सहकारी संस्थाको प्रतिनिधी तथा निर्देशक समितिबीच बैठक गरी कार्यक्रम सञ्चालनमा आइपरेका समस्या र चुनौतीहरुको बारेमा सल्लाह सुझाब दिनु पर्दछ।

(४) समझदारी पत्रमा यस कार्यविधिमा उल्लेख नभएका आवश्यक शर्तहरु समावेश गर्न सकिनेछ।

### १२. कार्यक्रम अनुगमन/मूल्याङ्कन तथा प्रतिवेदन तयारी

१) स्वीकृत कार्यक्रम कार्यान्वयनको चरणमा कृषि विकास शाखा तथा पशुपन्छी विकास शाखाले निरन्तर अनुगमन गर्नेछ। साथै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतले

जुनसुकै बखत कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछन।

(२) प्रस्तावकले कार्यक्रम कार्यान्वयन गरी सकेपछि चौमासिक रुपमा आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन कृषि तथा पशुपन्छी विकास शाखा तथा सम्बन्धित सहकारी संस्थामा समेत बुझाउनु पर्नेछ।

(३) उपदफा (१) अनुसार कार्यक्रमको अनुगमन गर्दा कार्यक्रमको प्रगतिको बारेमा जानकारी सङ्कलन गरी आवश्यक प्राविधिक सल्लाह सुझाव दिनु पर्दछ।

(४) कृषि तथा पशुपन्छी शाखाले आर्थिक विकास समितिसँग समन्वय गरी चौमासिक रुपमा नतिजा सहितको प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेस गर्नु पर्दछ।

## परिच्छेद ६

## निर्देशक समिति सम्बन्धी व्यवस्था

**१३. निर्देशक समितिको गठनः** सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध कार्यक्रम कार्वान्वयन गर्ने निकाय छनौट तथा नियमन सम्बन्धमा आवश्यक निर्णय लिन तपसिल बमोजिम निर्देशक समिति रहनेछ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष - | संयोजक |
| ४. | आर्थिक विकास समिति संयोजक - | सदस्य |
| ५. | सहकारी शाखा प्रमुख - | सदस्य |
| ६. | पशुपन्छी विकास शाखा प्रमुख - | सदस्य |
| ७. | कृषि विकास शाखा प्रमुख - | सदस्य सचिव |

**१४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिका काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ।

(क) सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउने कार्यक्रम कार्वान्वयन गर्ने सहकारी छनौट गर्न आवश्यक मापदण्ड तय गर्ने।

(ख) सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउने कार्यक्रम कार्वान्वयन गर्ने सहकारी छनौट गर्ने।

(ग) सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि व्याजदरका सम्बन्धमा समय समयमा अध्ययन गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने।

(घ) ऋण लगानी गर्ने सहकारी र गाउँपालिकाबीच ऋणबाट प्राप्त व्याजको बाडँफाँडका सम्बन्धमा कार्यपालिकामा राय सुझाव उपलब्ध गराउने।

(ङ) स्वीकृत कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी आगामी वर्षको कार्यक्रम तय गर्न गाउँकार्यपालिकामा सिफारिस गर्ने।

(च) छनौट तथा अनुगमन समितिको सिफारिसका आधारमा बैङ्क तथा वित्तीय संस्था छनौट गर्ने।

(छ) सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध सम्बन्धमा गाउँकार्यपालिका समक्ष नीतिगत सिफारिस गर्ने।

(ज) कोषको प्रभावकारिता हेरी कोषमा आवश्यक रकम परिचालन, व्यवस्थापन तथा अन्य नीतिगत बिषयहरुमा कुनै समस्या भएमा गाउँ कार्यपालिकालाई आवश्यक सुझाब तथा परामर्श दिने तथा गाउँकार्यपालिकाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने।

## परिच्छेद ७
## विविध

१५. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम लागु हुनेछ।

१६. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निवारण गाउँ कार्यपालिकाले गर्नेछ।

१७. **संसोधन तथा खारेजीः** यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ।

१८. **अनुगमनः** गाउँपालिका र सहुलियत ऋण उपलब्ध गराउने बैङ्क तथा वित्तीय संस्थाले यस कार्यक्रम अन्तर्गत परिचालन भएको सहुलियत ऋण प्राप्त गर्ने ऋणीको आवश्यकता अनुसार आफैं वा संयुक्त स्थलगत अनुगमन गर्न सक्नेछन।

## अनुसूची–१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

## सहकारी संस्था मार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउनको लागि कृषकको लगत सङ्कलन फाराम

गाउँपालिकाको नामः कालिन्चोक गाउँपालिका

१. ऋण लिन चाहने कृषकको नाम, थरः........... २. लिङ्गः .........

३. उमेरः.................... ४. सम्पर्क नं.....................

५. हालको ठेगानाः..................... ६. परिवार सदस्य संख्याः ........

७. कृषियोग्य जमिनको विवरणः .......................

८. कुनै कृषि व्यवसाय सम्बन्धी ज्ञान, सीप, अनुभव वा विशेषज्ञता छ छैन ? छ भने कुन व्यवसायमा विशेषज्ञता वा अनुभव छ ? (कुखुरापालन, बाख्रापालन, तरकारी खेती आदि उल्लेख गर्ने। छैन भने उल्लेख गर्नु पर्दैन)

..................................

९. तपाईले हाल कृषि व्यवसाय सञ्चालन गर्न शुरु गर्नु भएको छ,छैन।

..................................

१०. यदि छ भने कस्तो व्यवसाय शुरु गर्नु भयो ? (कुखुरापालन, बाख्रापालन, तरकारी खेती आदि उल्लेख गर्ने) ................................................

११. यस प्रकारको कृषि व्यवसाय सञ्चालनको लागि तपाँइले कति सम्म लगानी गर्न वा लगानी गर्ने योजना बनाउनु भएको छ ?

..................................

१२. यो व्यवसाय सञ्चालनको लागि तपाईसँग कस्तो प्रकारको ज्ञान, सीप छ ?

...................

१३. अरुबाट कस्तो प्रकारको सहयोगको आवश्यकता छ (आर्थिक, प्राविधिक, कानूनी, आदि ) ? यदि आर्थिक लगानी हो भने कति अनुदान वा ऋण

.....................

१४. यो कृषि व्यवसाय सञ्चालनको लागि कति जना कामदार वा परिवारको कति जना सदस्य पुरा समय संलग्न हुन्छन ? कामदार .................. परिवार को सदस्य ..............

१५. यस प्रकारको कृषि व्यवसाय सञ्चालनको लागि तपाई लगायत अरुलाई के कस्तो खालको प्राविधिक सहयोगको खाँचो छ ?

................................

१६. तपाइ र तपाई जस्तै यस्तो खालको कृषि व्यवसाय सञ्चालन गर्नेहरुले केन्द्रिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सहयोग पाउनु भएको छ ? यदि पाउनु भयो भने कुन सरकारबाट कस्तो सहयोग पाउनु भयो ? यदि अनुदान पाउनु भएको छ भने कति रकम पाउनु भयो ?

...............................

## अनुसूची-२

(दफा ६ उपदफा (३) सँग सम्बन्धित)

## व्यवसायिक योजनाको प्रस्तावना पत्र/फाराम

मितिः

श्री कालिन्चोक गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा।

विषयः व्यवसायीक योजना सहित प्रस्तावना पेस गरेको बारे।

म/हामी, हाम्रो समूहको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/ हाम्रो ज्ञान बुद्धिले जानेसम्म तहाँ कार्यालयबाट प्रकाशन भएको सूचनाको आधारमा मैले/हामीले मेरो/हाम्रो ................................................ व्यवसाय सञ्चालनको लागि सह लगानी तथा सहकार्य गर्ने उद्धेश्यले यो फारममा उल्लेख गरिएका विवरण/ तथ्यहरु सत्य छन्। यसै साथ संलग्न विवरण तथा तथ्यहरु मैले/हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा मेरो हाम्रो आवेदन तहाँ कार्यालयबाट छनौट प्रक्रियामा समावेश हुने छैन भन्ने कुरा मैले/ हामीले राम्ररी बुझेको छु/बुझेका छौ। साथै म/हामी, हाम्रो संस्थाको तर्फबाट स्वघोषणा गर्दछु/गर्दछौं कि गाउँपालिका, कृषि तथा पशुपन्छी विकास शाखा र अन्य आयोजनाद्वारा सन्चालित कृषि सम्बन्धी परियोजनाबाट यस्तो कार्यक्रम सञ्चालनको लागि अनुदान लिएका छैनौं। मेरो/हाम्रो प्रस्तावित व्यवसायीक योजना दर्ता भई छनौट भएको खण्डमा आफु र समुदायको हितको लागि तत्परताका साथ व्यवसाय सञ्चालन गरी उद्धेश्य अनरुपको काम गर्ने छु/छौ भनी प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं।

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. फर्म/समूह तथा प्यान दर्ताको प्रमाण-पत्र।( फर्म वा समूहको हकमा)

२. शैक्षिक योग्यताको प्रमाण-पत्र।

३. सम्बन्धित क्षेत्रमा तालिम प्राप्त गरेको प्रमाण-पत्र।

४. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाण-पत्र।

५. सम्बन्धित वडाको सिफारिस पत्र।

(बुँदा नं २, ३ र ४ को हकमा प्रस्तावक फर्म भए फर्मको प्रोप्राइटरको विवरण, समूह भए समूहका सदस्यहरुको र व्यक्ति भए स्वयमको शैक्षिक प्रमाण-पत्र, पशु, तालिम र अनुभवको प्रमाणपत्र पेस गर्ने)।

**प्रस्तावकको :**

दस्तखतः

प्रस्तावकको नामः

फर्म/समूहको नामः

ठेगानाः

फर्मको छापः

१. प्रस्तावकको संक्षिप्त व्यक्तिगत तथा फर्मको विवरण

| | |
|---|---|
| व्यवसाय सञ्चालन कर्ताको नाम | |
| उमेर | |
| व्यवसाय फर्म / समूहको नाम | |
| समूहका सदस्य संख्या र व्यवसाय गर्न इच्छुक सदस्य संख्या (समूहको हकमा मात्र) | |
| सञ्चालन गर्ने व्यवसायको किसिम | |
| स्थायी ठेगाना | |
| पत्राचारको ठेगाना | |
| सम्पर्क मोवाइल नंम्बर | |
| ईमेल ठेगाना | |
| प्राप्त उच्चतम शैक्षिक योग्यता | |
| सम्बन्धित क्षेत्रको तालिम विवरण | |
| सम्बन्धित व्यवसाय सम्वन्धी अनुभव | |

फर्म/समूह दर्ता सम्बन्धी जानकारीः

स्थापना मितिः

फर्म दर्ता मितिः

फर्म दर्ता भएको निकायः

दर्ता नम्बरः

प्यान नः

प्यान दर्ता मितीः

२. सञ्चालन गर्ने व्यवसायको अवधारणा/व्यवसायीक योजना (तपाईले गर्न चाहेको सम्भाव्यता, अवसर तथा त्यसबाट पाउने फायदा हुन सक्छन् उल्लेख गर्नुहोस्).

## ३. प्रस्तावित लगानी बारे सामान्य जानकारी

| | |
|---|---|
| लगानी गर्ने व्यवसायको नाम | |
| लगानीको अवधिः | मितिः ............................देखि<br>................................ सम्म |
| अनुमानित जम्मा बजेटः | |
| आफै जुटाउने | रु......................बराबर श्रमदान के के<br>माः......................... |
| ऋण लिने रकम, स्रोत | नगद रकम रु .................................... |
| अनुदान | वित्तीय संस्थाको नाम .............................. |
| लगानीको उद्धेश्यः | |
| लगानीका मूख्य मूख्य कार्यहरुः | |
| खरिद/बिक्री गर्ने मुख्य मुख्य बजार क्षेत्रहरु | |
| खरिद कर्ता/विक्री कर्ता | |
| लक्षित वर्गहरु | |
| अनुमानित लाभान्वित घरधुरी | |

# अनुसूची-३
## (दफा ८ उपदफा (१) सँग सम्बन्धित)
## कालिन्चोक गाउँपालिका र ................................. बीच भएको समझदारी पत्र

सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३ मार्फत कृषि उद्यमशिलता विकास गर्न कालिन्चोक गाउँपालिका (यस पछि प्रथम पक्ष भनिएको) र ....................................... (फर्म/समूह/व्यक्ति) (यस पछि दोओ पक्ष भनिएको) बिच स्वीकृत व्यवयसायीक योजना कार्यान्वयन गर्ने गराउने सम्बन्धमा यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

**पृष्ठभूमिः**

कालिन्चोक गाउँपालिका र .................................. को संयुक्त लागानीमा कालिन्चोक गाउँपालिका वडा नं. .......... मा ............................................ कार्यक्रम कार्यान्वयन गरिनेछ। कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्दै कृषि क्षेत्रमा रहेको अर्ध बेरोजगारीको समस्या समाधान गरी न्युन आय भएका कृषकको आर्थिक उन्नति गर्नु यो कार्यक्रमको लक्ष्य रहेको छ। लक्ष्य परिपुर्तिको लागि स्वीकृत व्यवसायीक योजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ।

**समझदारीका बुँदाहरुः**

**क) प्रथम पक्षको भूमिकाः**

१. स्वीकृत व्यवसायीक योजना बमोजिम सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउन सिफारिस गर्ने।

२. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधिहरु तर्जुमा गरी व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने गराउने।

३. स्वीकृत व्यवसायीक योजना बमोजिम कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलब्ध गराउने।

४. कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषण प्रदान गर्ने।

५. कृषकले सञ्चालन गर्न चाहेको व्यवसाय छनौट गरी योजना बनाउन तालिम गोष्ठी सञ्चालन गर्ने।

६. कृषकको उत्पादनको बजारीकरण गर्न आवश्यक सहयोग गर्ने।

**ख) दोश्रो पक्षको भूमिकाः**

१. स्वीकृत व्यवसायीक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने।

२. कार्यक्रमको प्रगति विवरण आवधिक रुपमा गाउँपालिकामा पेस गर्ने।

३. सम्बन्धित सहकारीको नियमानुसार सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदानको साँवा र व्याज समयमै भुक्तानी गर्ने।

**ग) सम्झौता कार्यान्वयन प्रक्रियाः**

१. स्वीकृत व्यवसायीक योजना अनुरुप वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाइ गाउँपालिकामा पेस गर्नु पर्नेछ।

२. कार्यक्रम कार्यान्वयन तालिका बमोजिम कार्यक्रम सञ्चालन गर्ने पर्नेछ।

३. कार्यक्रम कार्यान्वयनको दौरान कुनै कठिनाइ उत्पन्न भएका तत्काल गाउँपालिकामा जानकारी गराउनु पर्नेछ।

४. गाउँपालिकाले निरन्तर अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनेछ। त्यस्तो पृष्ठपोषण लागु गर्नु गराउनु दोश्रो पक्षको कर्तव्य हुनेछ।

५. कार्यक्रमको आवधिक प्रगति विवरण गाउँपालिकामा पेस गर्नु पर्नेछ।

# अनुसूची-४

(दफा १० उपदफा (४) सँग सम्बन्धित)

## कालिन्चोक गाउँपलिका र .................................. सहकारी संस्थाबीच भएको सम्झौता पत्र

कालिन्चोक गाउँ कार्यपालिकाको कार्यालय सुनखानी, दोलखा (यस पछि पहिलो पक्ष भनिएको) र दोलखा जिल्ला कालिन्चोक गाउँपालिका वडा नं. ........ मा सञ्चालित ........................................ सहकारी संस्था (यस पछि दोस्रो पक्ष भनिने) का बीच कालिन्चोक गाउँपालिकाको सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध बमोजिम प्रवाह गरिने सहुलियतपुर्ण कृषि कर्जा लगानी गर्न तथा कर्जा व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि तपसिल बमोजिमको शर्तको अधिनमा रहि दुबै पक्ष बिच सहमती भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

शर्तहरु:

१) पहिलो पक्षले दोस्रो पक्षलाई सहुलियत दरको ऋण अनुदान लगानी गर्न रु. .............. अक्षरुपी ....................................................... मात्र) रकम उपलब्ध गराउने छ।

२) गाउँपालिकाको सहकारी संस्था मार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान बमोजिम पहिलो पक्षको सिफारिसमा गाउँपालिका भित्रका किसानहरुलाई दोस्रो पक्षले सहुलियत दरको ऋण अनुदान लगानी गर्नु पर्नेछ।

(३) प्रथम पक्षले कर्जा लगानीको लागि दोश्रो पक्षलाई दिएको रकमबाट प्रथम पक्षको सिफारिस बमोजिम कर्जा प्रवाह गर्न अटेर गरेमा वा कर्जा प्रवाह नगरी रकम हिनामिना गरेमा वा प्रथम पक्षको सिफारिस बेगर कर्जा प्रवाह गरेमा दोश्रो पक्षको सम्पुर्ण चलअचल सम्पत्ति रोक्का राखी सम्बन्धित निकायलाई सिफारिस गरी सहकारी (दोश्रो पक्ष) सञ्चालक समितिका सबै सदस्यबाट गाउँपालिका (प्रथम पक्ष) बाट प्रदान गरिएको रकममा १० प्रतिशत जरिवाना सहित असुली गरिनेछ।

४) सम्झौतामा उल्लेख भएका विषयहरु सम्झौता बमोजिम र सम्झौतामा उल्लेख नभएका विषयहरु कालिन्चोक गाउँपालिकाको सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरको ऋण अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३ तथा गाउँपालिकाका अन्य प्रचलित कानुन र नेपाल सरकार तथा बागमती प्रदेश सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| **दोस्रो पक्ष** | **पहिलो पक्षः** |
| **दस्तखतः** | **दस्तखतः** |
| **नामः** | **नामः** |
| **पदः** | **पदः** |
| **सहकारी संस्थाको छापः** | **कार्यालयको छापः** |

इति सम्वत् २०८...... साल.........महिना...... रोज शुभम्।